आज मिति २०७८ साल चैत्र २४ गते बिहीबारका दिन दार्मा गाउँपालिका सल्यानको गाउँकार्यपालिका बैठक अध्यक्ष निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री निमबहादु के.सी. | अध्यक्ष |
| श्री टीका शर्मा, वली | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री कविकुमार चन्द | सदस्य |
| श्री डिल्लीबहादुर के.सी. | सदस्य |
| श्री सेतीराम रोकाहा | सदस्य |
| श्री चन्द्रबहादुर रावत | सदस्य |
| श्री रामबहादुर के.सी. | सदस्य |
| श्री दुर्गाबहादुर मल्ल | सदस्य |
| श्री सन्ताराम कामी | सदस्य |
| श्री अमृता कामी | सदस्य |
| श्री मञ्जु शाही | सदस्य |
| श्री जुना मल्ल चन्द | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनीराम नेपाली | सदस्य |

<u>प्रस्तावहरू</u>

१. *VCVMS* प्रबिधि जडान गर्ने सम्बन्धमा ।
२. विद्युत लाइन मर्मतको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।
३. राहत तथा उपचार खर्च सम्बन्धमा ।
४. स्वास्थ्य निर्देशिका पारित गर्ने सम्बन्धमा।
५. *MTEF* को लागि परामर्श सेवा खरिद गर्ने सम्बन्धमा ।
६. खानेपानी पाइप खरिद गर्ने सम्बन्धमा ।
७. लिफ्ट खानेपानी योजना मर्मतको लागि लागि मोटर खरिद गर्ने सम्बन्धमा ।
८. कार्यालय तथा सेवा सञ्चालनको लागि जनशक्ति परिचालन सम्बन्धमा ।
९. आर्थिक विकास समितिको निर्णय अन्मोदन सम्बनन्धमा ।
१०. आन्तरिक लेखापरीक्षण सम्बन्धमा ।

<u>निर्णयहरु</u>

<u>निर्णय नं १</u>

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नम्बर ९६३, मिति २०७८/११/ ३० गतेको परिपत्र तथा निर्वाचन आयोग, नेपालको चलानी नम्बर ४११, मिति २०७८/१२/०२ को पत्र अनुसार मिति २०७९ साल बैशाख ३० गते हुन गरहेको स्थानीय तह निर्वाचनमा निर्वाचन सम्पन्न भएपश्चात मतपेटिकाको भण्डारण तथा मतगणना कार्यको अनुगमन आयोग परिसरबाटै हुने गरी मतगणना स्थल दृष्य अवलोकन प्रणाली ***Vote Counting Video Management System (VCVMS )*** जडान गर्ने सम्बन्धी निर्देशन भएको हुँदा आयोगले दिएको सामाग्रीहरुको स्पेसिफिकेशन तथा कार्यालयमा जडान भएको *CCTV Surveillance* को समेत प्रयोग गरी गाउँपालिकाको कार्यालयमा उक्त प्रणाली जडान गर्ने निर्णय गरियो ।

गाउँपालिका अध्यक्ष

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

__निर्णय नं २__

वडा नं ६ मा हावाहुरी र बाढीपहिरोको कारण ढलेका *HT* पोल सिधा गर्ने र उक्त स्थानबाट *LT* पोलहरु ढुवानी समेत गरी वडा नं. २ का बिभिन्न टोलहरुमा लाइन विस्तार गरेको भनी कामदारहरुबाट पारिश्रमिक भुक्तानी माग भइ आएको हुँदा प्राविधिक नापजाँच, अनुगमन समितिको प्रतिवेदन तथा वडा समितीको सिफारीसको आधारमा कामदारको ज्याला भुक्तानी दिने निर्णय गरियो ।

__निर्णय नं ३__

गर्दा गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७ को उल्लेखित दफा बमोजिम तपसिलका नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

__तपसिल__

| क्र. स. | सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | कार्यविधिको सम्बन्धित दफा | पहिचान भएको समस्या | आर्थिक सहयायता रकम |
|---|---|---|---|---|---|
| १ | कालो कामी | दार्मा-३, | ३ | क्यान्सर | १००००। |
| २ | मीना शाही | दार्मा- ६, | ३ | क्यान्सर | १००००। |
| ३ | बिपना बि. क. | दार्मा- ६, | ३ | पक्षघात | १००००। |
| ४ | कल्पना बि.क. | दार्मा-२, | ३ | पक्षघात | १००००। |
| ५ | वसन्त नेपाली | दार्मा-१, | ३ | मुटु रोगी | १००००। |
| ६ | दिपक बि.क. | दार्मा -३, | ३ | बाथ रोग | १००००। |
| ७ | सेतिराम खत्री | दार्मा -२, | ९ | लडेको | १००००। |
| ८ | कले रावत | दार्मा -४, | ३ | खुट्टाको क्यान्सर | १००००। |
| ९ | हृदु खत्री | दार्मा -६, | ३ | क्यान्सर | १००००। |
| १० | प्रविन सुनार | दार्मा -६, | | विदेशमा विरामी | कार्यविधि विपरित |
| ११ | कल्पना सुनार | दार्मा -६, | | आर्थिक सहयोग | " |

गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७२

रेशम ओली प्रशासकीय अधिकृत

निर्णय नं ४

विधान समितिको संयोजक श्री दुर्गाबहादुर मल्लज्यूबाट पेश गरिएका तपसिल बमोजिमका निर्देशिका सम्बन्धमा  दफावार छलफल गरी  पारित गरियो ।

तपसिल

| क्र.स. | कार्यविधि/निर्देशिकाको नाम | कैफियत |
|---|---|---|
| १ | स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका, २०७८ | |

निर्णय नं ५

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७  मा भएको व्यवस्था बमोजिम दार्मा गाउँपालिकाको आ.व. २०७८/०७९ - २०८०/०८१  सम्मको तीन वर्षीय मध्यकालीन खर्च संरचना *( MTEF )* समेत तयार गर्नुपर्ने र सोको लागि गाउँपालिकामा दक्ष  तथा अनुभवी जनशक्ति उपलब्ध नभएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ दफा ५ *(१)* र दार्मा गाउँपालिका सार्वजनिक खरिद नियमाली २०७७ को नियम १३ र ७८ को अधिनमा रही लागत अनुमान र कार्य क्षेत्रगत शर्तको अधिनमा रही परामर्श सेवाबाट मध्यकालीन खर्च संरचना *(MTEF)* तयार गर्ने ।

निर्णय नं ६

दार्मा गाउँपालिकाको सबै वडाहरुबाट खानेपानी पाइपको माग भइ आएको हुँदा खानेपानी पाइप खरिद गर्ने र आवश्यकताको आधारमा पाईप वितरण गर्ने  निर्णय गरियो ।

निर्णय नं ७

दार्मा गाउँपालिका भित्रका निम्न लिफ्ट खानेपानी आयोजनाहरुमा मोटर बिग्रेर खानेपानी आपूर्ति बन्द भएको हुँदा तपसिल अनुसारका खानेपानी योजनामा नयाँ मोटर खरिद गरी उपभोक्ता समितिहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

तपसिल

१. मंगलपानी बराथान लिफ्ट खानेपानी योजना, दार्मा १

२. काफलगैरा लिफ्ट खानेपानी योजना, दार्मा १

३. चिप्ले लिफ्टखानेपानी योजना, दार्मा-६

गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ८

दार्मा गाउँपालिका वडा नं १ को कार्यालय र वडा नं ६ को कार्यालयमा असिस्टेन्ट सब -इन्जिनियरको पद रिक्त भएको र प्रधानमन्त्री रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रमका योजनाहरुको नापजाँच तथा मुल्याङ्कन कार्य गर्न थप प्राविधिक कर्मचारीको आवश्यकता भएकोले २ जनाले रिक्त भएको वडामा तथा थप २ जनाले गाउँपालिकाको रोजगार शाखामा काम गर्ने र दैनिक ७३०। का दरले ज्याला भुक्तानी हुने गरी तपसिल बमोजिमका ४ जना व्यक्तिहररुलाई असिस्टेन्ट सब-इन्जिनियर पदमा दैनिक ज्यालादारीमा कामकाज गराउने ।

तपसिल

| | |
|---|---|
| १. पवित्रा बस्नेत | दार्मा गा.पा. -६ |
| २. लोकराज के.सी | दार्म गा.पा.- २ |
| ३. टेकराज बिष्ट | दार्मा गा.पा.- ६ |
| ४. गोविन्द चन्द | दार्मा गा.पा. -१ |

निर्णय नं ९

आर्थिक विकास समितिको मिति २०७८ चैत्र २४ गते बसेको बैठकको निर्णय नं. २ वाचन गरी अनुमोदन गरियो ।

निर्णय नं १०

कोष तथा लेखा नियन्त्रक कार्यालय, सल्यानको च. नं. २३६ मिति २०७८।११।२३ को पत्र व्यहोरा अवगत भइ यस गा.पा.को कार्यालयमा आन्तरीक लेखापरीक्षक नभएको विद्यमान अवस्थामा चालु आ.व. २०७८/०७९ को आन्तरीक लेखा परीक्षणको लागि कोष तथा लेखा नियन्त्रकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७२

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत